Damak Campus Journal 2025, **14 (1): 178-191**
ISSN : 2565-4772 (Print)
DOI: https://doi.org/10.3126/dcj.v14i1.89311

# कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकका कविता शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूको प्रभावकारिता

भूपालप्रसाद खतिवडा
नेपाली शिक्षण विभाग
दमक बहुमुखी क्याम्पस
E-mail: bhupalkhatiwada403@gmail.com

## लेखसार

प्रस्तुत लेख कविता शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अवस्थामा केन्द्रित रहेर तयार पारिएको छ । कविता शिक्षणमा प्रयोग भएका शैक्षिक सामग्रीका प्रकार, समस्याहरू र समाधानका उपायहरूमा केन्द्रित छ । परिमाणात्मक विधिमा आधारित यस लेखले उर्लाबारी नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयमा अध्यापन गर्ने ९ जना नेपाली भाषाका शिक्षकहरूलाई नमुनाका रूपमा लिएर तथ्याङ्क सङ्कलन गरिएको छ । यस लेखमा कविता शिक्षणमा शैक्षिक सामग्री प्रयोग अवस्था पत्ता लगाउनु, कविता शिक्षणमा शैक्षिक सामग्री प्रयोगका समस्या पत्ता लागउनु र कविता शिक्षणमा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्याको समाधानका उपाय खोजी गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत लेख कविता शिक्षणमा प्रयुक्त शैक्षिक सामग्रीको बहुआयामिक विश्लेषण प्रस्तुत गरेको छ । कविता शिक्षणमा श्रव्यदृश्य तथा स्थानीय रूपमा उपलब्ध व्यावहारिक र किफायती सामग्रीको प्रमुख प्रयोगले सिकाइ अधिक प्रभावकारी हुने निष्कर्ष तथ्याङ्क विश्लेषणले देखाएको छ ।

**मूख्य शब्दावली :** श्रव्यदृष्य, पाठ्यसामग्री, शिक्षक निर्देशिका ।

## परिचय

कविता शिक्षण प्राथमकि तहदेखि उच्च शिक्षासम्म भाषिक र साहित्यिक क्षमताको विकासमा अत्यन्त महत्त्वपूर्ण क्षेत्रमा पर्छ । कविता केवल साहित्यिक अभिव्यक्तिको साधन मात्र होइन, संवेदना, सौन्दर्यबोध, सामाजिक सत्य र मानव अनुभूतिको विशिष्ट रूप हो। तर कविता शिक्षण प्रभावकारी बनाउनका लागि केवल व्याख्या र अर्थबोधमा आधारित परम्परागत विधि पर्याप्त हुँदैन । त्यसैले कक्षाकोठामा श्रव्यदृश्य सामग्री, चित्र, PPT, भिडियो, स्थानीय स्रोतमा

आधारित सामग्री र अन्य किफायती शैक्षिक सामग्रीहरूको प्रयोग अनिवार्य मानिन्छ । यी सामग्रीहरूले विद्यार्थीलाई कविताको भाव, बिम्ब, प्रतीक, लय, लयात्मकता र सन्देश बुझ्न सहज बनाउँछन् । यस लेखको मूल विषयवस्तु कविता शिक्षणमा प्रयोग गरिएका यस्ता शैक्षिक सामग्रीहरूको प्रभावकारिता के कति छ भन्ने पहिचान र विश्लेषण गर्नु हो ।

शैक्षिक उद्देश्यहरू हासिल गर्नका लागि शिक्षकलाई कक्षा कोठामा लेख अध्यापन गर्नका लागि विद्यार्थीको शिक्षण सिकाइ प्रभावकारी होस् भनी सहयोग पुऱ्याउने सबै किसिमका मुद्रित, श्रव्य र श्रव्यदृष्य उपकरणहरूलाइ शैक्षिक सामग्री भनिन्छ (अधिकारी, २०७०) । विषय वस्तुलाई रूचिकर, सरल, ज्ञानवर्धक, आकर्षक, मनोरञ्जनात्मक तथा प्रभावकारी ढङ्गले शिक्षण गर्न शैक्षिक सामग्री ज्यादै महत्वपूर्ण मानिन्छ ।

शैक्षिक सामग्रीलाई चार वर्गमा विभाजन गरिएको पाइन्छ । मुद्रित सामग्री (पुस्तक, पत्रिका, शिक्षक निर्देशिका, पाठ्यक्रम, कक्षा नोट, इमेल), दृश्य सामग्री (नक्सा, ग्लोब, चार्ट, मोडेल, ग्राफ, चित्र, इन्टरनेट, कालोपाटी), श्रव्य सामग्री (रेडियो, टेपरेकर्डर, फोनोग्राफ डिक्स), र श्रवदृश्य सामग्री (नाटक, सिनेमा, टेलिभिजन, भिडियो) रहेका छन् । (शर्मा एन्ड शर्मा,२०६०) । कक्षाकोठा शिक्षणमा सामग्रीहरूको प्रभावकारी प्रयोगले सिकाइ प्रभावकारी हुन सक्दछ । कविता विधा शिक्षणमा पनि शैक्षिक सामग्रीको भूमिका महत्त्वर्पूण रहने गर्दछ ।

कोमेनियस, रुसो, फ्रोबेल, पेस्तालोजी जस्ता विद्वानहरूले शैक्षिक सामग्रीको आवश्यकतामा जोड दिएका छन् । आधुनिक विज्ञान र प्रविधिको युगमा शैक्षिक सामग्रीविनाको शिक्षण अपुरो हुन्छ। "म सुन्छु, म बिर्सन्छु, म देख्छु, म सम्झन्छु, म गर्छु, म जान्दछु" भन्ने सिद्धान्तले पनि यसको महत्त्वलाई जोड दिएको छ । विद्यार्थी मूल्याङ्कन र निरन्तर मूल्याङ्कन पद्धतिमा समेत शैक्षिक सामग्रीको प्रयोग आवश्यक छ, जसबाट विद्यार्थीहरूले व्यवहारिक शिक्षा हासिल गर्छन् (निउरे, २०७०) । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा गर्न र शिक्षण प्रक्रियालाई प्रभावकारी बनाउन कक्षाकोठामा प्रयोग गरिने सम्पूर्ण साधन वा सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । यस्ता समग्रीको प्रयोगले कविता शिक्षण रोचक र प्रभावकारी बन्न जान्छ ।

सुनेका कुरा बिर्सिन्छ, देखेका कुराहरू सम्झिन सकिन्छ भने आफै संलग्न भएर गरेका कुराहरू बुझिन्छन्, प्रयोग गर्न योग्य हुन्छन् र स्थायी हुन्छन् । यसरी हेर्दा कविता शिक्षणलाई व्याख्यान विधिमा सीमित पारी शिक्षण क्रियाकलाप गर्दा सिकाइका हिसाबले ज्यादै कम प्रभावकारी

एवम् महत्त्वहीन हुन पुग्दछ । प्रभावकारी शिक्षणमा शिक्षकले कक्षाकोठामा गर्ने शिक्षण सँगसँगै पर्याप्त उपयोगी शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीहरू सिकाइप्रति अभिप्रेरित भई आफै संलग्न भएर समस्याको समाधान खोज्न अग्रसर हुन पुग्दछन् ।

परम्परागत शिक्षणमा पाठ्यपुस्तकलाई मात्र शिक्षण माध्यम बनाइन्थ्यो जसले गर्दा शिक्षण अप्रभावकारी र अस्थायी हुन्थ्यो । विद्यार्थीहरूको ध्यान केन्द्रित गर्न, सिकेको कुरा चिरस्थायी बनाउन र सुषुप्त जिज्ञासा जागृत गराउन शैक्षिक सामग्रीको प्रयोग आवश्यक हुन्छ । विशेषगरी नेपाली भाषा शिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकासका लागि यसको अपरिहार्यता रहन्छ । (रेडियो शिक्षण तालिम पुस्तिका, २०४८) ।शैक्षिक सामग्रीको प्रयोगले शिक्षण-सिकाइ क्रियाकलापलाई रोचक, सहज र चिरस्थायी बनाउँछ । भाषा शिक्षण सिपको शिक्षण भएकाले जीवनमा उपयोगी हुने सिप सिक्न शैक्षिक समग्रीको अपरिहार्यता रहन्छ । कविता शिक्षणमा पनि यस्ता शैक्षिक समग्रीको प्रयोग गरे सिकाइ दीर्घजीवी बन्दछ । एक्काइसौं शताब्दीमा परम्परागत व्याख्यान विधि मात्र प्रभावकारी नहुने भएकाले भाषा शिक्षणमा शैक्षिक सामग्रीको महत्त्व बढ्दै गएको छ । भाषामा मात्र नभएर कविताका शिक्षणमा समेत शैक्षिक सामग्रीको प्रयोग अजको अवश्यकता रहेको छ । दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श सामग्री गरी चार प्रकारका शैक्षिक सामग्रीहरूले किवता शिक्षणलाई सरल, रुचिपूर्ण र दिगो बनाउनुका साथै विद्यार्थीहरूमा भाषिक सीप र क्षमताको विकास गर्न महत्वपूर्ण भूमिका खेल्छन् ।

कविता शिक्षणमा सामग्री प्रयोग सम्बन्धी विभिन्न अध्ययनहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका छन्। धेरै अध्ययनले श्रव्यदृश्य सामग्री प्रयोग गर्दा विद्यार्थीको सिकाइ रुचि, सक्रियता र उपलब्धिमा उल्लेख्य वृद्धि हुने देखाएका छन्। चित्रमय सामग्री र स्थानीय स्रोतबाट तयार पारिएका सामग्रीहरूले कविता बुझाइमा बढी व्यावहारिकता थप्ने कुरा पनि अध्ययनहरूले पुष्टि गरेका छन् । यद्यपि सामग्री उपयोग सम्बन्धी यी अध्ययनहरू भए पनि कविता शिक्षणको विशिष्ट सन्दर्भमा विभिन्न सामग्रीबीचको तुलनात्मक प्रभाव, शिक्षकद्वारा गरिने सामग्री छनौट प्रक्रिया, सामग्री उपलब्धताका चुनौती र विद्यार्थीको सिकाइमा यसको प्रत्यक्ष प्रभावबारे गहिरो तथा समग्र अध्ययन न्यून पाइन्छ। यही कारणले यो विषय अझै पनि अनुसन्धान योग्य र आवश्यक क्षेत्रका रूपमा देखा परेको छ ।

उपलब्ध अध्ययनहरूको पुनरावलोकन गर्दा कविता शिक्षणमा प्रयोग हुने सामग्रीहरूको वास्तविक अवस्थाबारे, उपयोगका तरिकाबारे र विद्यार्थी उपलब्धिमा पार्ने प्रभावकारिताबारे पर्याप्त प्रामाणिक अध्ययनहरूको अभाव देखिन्छ । खासगरी स्थानीय स्रोतमा आधारित सामग्री प्रयोग, सामग्री उपयोगको आवृत्ति र प्रभावबीचको सम्बन्ध, ICT तथा मल्टिमिडिया सामग्रीहरूको तुलनात्मक प्रभावबारे निर्धारित अनुसन्धान अन्तराल विद्यमान छ । यसै अन्तराललाई सम्बोधन गर्दै, यो लेखले कविता शिक्षणमा प्रयोग गरिने सामग्रीका प्रकार, तिनको प्रयोग पद्धति, प्रभावकारिता, देखापरेका समस्या तथा सुधारका उपायहरूलाई विश्लेषण गर्ने उद्देश्य राख्छ । यसरी, सामग्री-प्रयोग-सिकाइ-प्रभावको सम्बन्ध उजागर गर्दै कविता शिक्षणलाई अझ प्रभावकारी बनाउन आवश्यक आधार र तर्क प्रदान गर्ने काम यस लेखले गर्नेछ ।

## समस्या कथन

कविता मूलतः लयात्मक र साहित्यिक श्रव्य पाठ्य विधा हो (ढकाल र खतिवडा) । कविता माध्यमिक विद्यालयमा भाषा सिकाइको एक महत्त्वपूर्ण विधा हो जसले विद्यार्थीहरूको भाषिक सीपहरू - सुनाइ, बोलाइ, पढाइ र लेखाइको समग्र विकासमा योगदान पुर्याउँछ । यद्यपि शैक्षिक सामग्रीको उचित प्रयोग र व्यवस्थापनको अभावले कविता शिक्षण प्रभावकारी हुन सकेको छैन । यसको समाधानका लागि शिक्षकहरूलाई नियमित तालिम, पर्याप्त बजेट, भौतिक संरचना र प्रोत्साहनको आवश्यकता छ । साथै पाठ्यक्रमलाई प्रविधि र शैक्षिक सामग्री-मैत्री बनाउनुका साथै स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको समुचित प्रयोग गरी कविता शिक्षणलाई थप प्रभावकारी बनाउन सकिन्छ । नेपाल जस्तो विकासशील राष्ट्रमा स्रोत र साधनको अभाव, परम्परागत किताबी पठनपाठनको संस्कार, देशको भौगोलिक विकटताको कारणले दुर्गम ग्रामीण विद्यालयमा शैक्षिक सामग्रीको पहुँचको समस्या रहेकोले कविता शिक्षणका सन्दर्भमा हालसम्म प्रभावकारी लेख हुन सकेका छैनन् र भएका लेखहरू पनि प्रभावकारी हुन सकेका छैनन् । यस्तै अवस्थामा कविता शिक्षणमा शैक्षिक सामग्रीको प्रभावकारिता सम्बन्धी समस्यालाई यस लेखले प्रमुख रूपमा लिएको छ । शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो छ, शैक्षिक सामग्रीले कविता शिक्षणमा कस्तो प्रभाव पार्दछ, कविता शिक्षणलाई प्रभावकारी बनाउन के-कस्ता सामग्रीको विकास गर्नुपर्दछ यी प्रश्नहरू विद्यार्थीको प्रत्यक्ष सिकाइसँग रहेकाले यसलाई अनुसन्धानको समस्याका रुपमा लिइएको छ । कविता शिक्षण गर्न कस्ता शैक्षिक सामग्रीको प्रयोग गरिएको छ ? कविता शिक्षणमा शिक्षण सामग्रीको प्रयोग गर्न के कस्ता समस्या रहेका छन् ? कविता शिक्षणमा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्याको समाधान कसरी गर्न सकिन्छ ? भन्ने प्रश्नमा केन्द्रित रहेको छ ।

## उद्देश्य

यस लेखका उद्देश्य निम्नअनुसारका रहेका छन् :

क) कविता शिक्षणमा शैक्षिक सामग्री प्रयोग अवस्था पत्ता लगाउनु,

ख) कविता शिक्षणमा शैक्षिक सामग्री प्रयोगसँग सम्बन्धित विद्यमान समस्याहरूको पहिचान गरी तिनका प्रभावकारी समाधानका उपायहरू खोजी गर्नु,

## विधि र प्रक्रिया

प्रस्तुत लेख परिमाणत्मक विधिमा आधरित रहेर तयार पारिएको छ । कक्षा दशको नेपाली भाषापाठ्यपुस्तका कविता विधा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अवस्था सम्बन्धी लेखमा सामग्री सङ्कलनका निम्ति प्राथमिक स्रोतका रुपमा सम्बन्धित तहमा अध्यापन गर्ने ९ जना शिक्षकबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ । त्यसैगरी द्वितीय स्रोतका रुपमानेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकासद्वारा प्रकाशित कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकलाई सामग्री सङ्कलनको द्वितीय स्रोतका रुपमा लिइएको छ । प्रस्तुत लेखमा नेपाली विषयका पाठ्यपुस्तक, विभिन्न पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू, पत्रपत्रिका, जर्नलहरू, लेख आदिलाई सामग्री सङ्कलनको द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी त्यसको व्याख्या तथा विश्लेषण गरिएको छ । यसको विश्वासनीयता र वैद्यता कायम गराउन प्रश्नावली तयार पारी त्यसको पूर्वपरीक्षण गरी त्यसबाट नमुना सङ्कलन गरी प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

शिक्षण सिकाई क्रियाकलाप शिक्षक र विद्यार्थी बीचको अन्तर्क्रियात्मक प्रक्रिया हो । यस अन्तर्गत शिक्षकले विद्यार्थीको लागि व्यवस्थित ढङ्गबाट उपयुक्त शिक्षण विधि तथा पद्धतिद्वारा सिकाई अनुभव प्रदान गर्दछन । “अनुभव र तालिमद्वारा व्यवहारमा आउने सकारात्मक परिवर्तन सिकाई हो” (शर्मा, २०५७) । शिक्षण सिकाई क्रियाकलाप अन्तर्गत उद्देश्य निर्धारण गर्ने, सिकाई योजना तयारी र कार्यान्वयन तथा मूल्याङ्कन गरिन्छ । सिकाइलाई दीघो बनाउन तथा प्रभावकारी शिक्षणका लागि विभिन्न किसिमका शैक्षिक समग्रीको आवश्यकता पर्दछ । विद्यार्थीलाई स्वसिकाइको वातावरण एवं सिकाइमा अग्रसर बनाउन सक्नुपर्दछ । त्यसका लागि शैक्षिक सामग्रीको आवश्यकता रहने गर्दछ ।

कक्षा कोठामा गरिने शिक्षण सिकाइलाई अर्थपूर्ण बनाउन नभई नहुने सामग्रीहरूमध्ये कालोपाटी पनि एक हो (पाण्डे, २०५६) । हाम्रा अधिकांश विद्यालयहरूमा पाइने यो साधनको

प्रयोग शिक्षकहरूबाट भएको पाइन्छ तापनि यसलाई मात्र शैक्षिक समग्री मानेर अगाडि बढन सक्ने अवको अवस्थामा रहेको छैन यसका अतिरिक्त अन्य धेरै प्रकारका शैक्षिक समाग्रीको निर्माण र प्रयोग भइरहेको अवस्था छ ।

**१९६८**मा कोवुनले गरेको लेखबाट १०० प्रतिशत मध्ये करिव ८३ प्रतिशत सिकाई देखेर, ११ प्रतिशत सुनेर, ३.५ प्रतिशत सुघेर, १.५ प्रतिशत छोएर, १ प्रतिशत  स्वाद हुने कुरा उल्लेख गरेका छन् (शर्मा २०६६:१३३) । यस  लेखबाट देख्न पाउने गरी सिकाइ कार्यकलाय गर्दा सबैभन्दा बढी ८३ प्रतिशत सिक्न सकिने देखिन्छ । देख्न सकिने गरी सिक्नु भनेको कक्षाकाठामा शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण गर्दा त्यसबाट सिकाइ प्रभावकारी हुने देखिन्छ । त्यसैले कक्षा शिक्षाण्मा शैक्षिक सामग्रीको महत्त्व ज्यादै रहेको मान्न सकिन्छ ।

कोबुनको मानिसले कसरी सम्झन्छ  भन्ने विषयमको लेखलाई हेर्दा मानिसले कुनै कुरा पढेर १० प्रतिशत, सुनेर २० प्रतिशत, देखेर ३० प्रतिशत, सुनेर र देखेर ५० प्रतिशत, वोलेर ७० प्रतिशत तथा बोलेर र गरेर ९० प्रतिशत स्मरण गर्न सक्दछ (शर्मा २०६६:१३३) ।गरेर सिकाइ बढीहुने हँदा विद्याथीलाई कार्य गर्न दिएका सिकाउदा सिकाइ बढी प्रभावकारी हुने गरेको देखिन्छ ।

जोशी, कल्पना कुमारी (२०२३) ले  नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको लेख शीर्षकको अनुसन्धानात्मक लेखले डोटी जिल्लाका विद्यालयहरूमा नेपाली भाषा शिक्षणको वास्तविक अवस्था प्रस्तुत गरेको छ । विद्यालयहरूमा मुख्यतः कालोपाटी र पाठ्यपुस्तकको मात्र प्रयोग भएको, गोजीतालिका र फलाटिन पाटीजस्ता महत्वपूर्ण सामग्रीको न्यून प्रयोग भएको पाइएको देखाएको छ । शैक्षिक सामग्रीको खरिद, निर्माण र सङ्कलनमा कमी रहेको र उपलब्ध सामग्रीको पनि उपयुक्त प्रयोग नभएको तथा विज्ञान र प्रविधिको युगमा पनि पुरानै व्याख्यान विधिको व्यापक प्रयोग भएको देखाएको छ । भाषिक सीप विकासभन्दा कोर्स सक्ने कुरामा शिक्षकहरूको ध्यान केन्द्रित भएको र विद्यार्थीहरू कक्षामा निष्क्रिय रहने अवस्था रहेको देखिन्छ ।

न्यौपाने, कमलप्रसाद (२०७२) ले नेपालीभाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अवस्था शीर्षकमा गरेको यस लेखले नेपालका विद्यालयहरूमा शैक्षणिक सामग्रीको प्रयोगको अवस्था विश्लेषण गरेको छ । यस लेखले विद्यालयहरूमा शैक्षणिक सामग्रीको प्रयोग न्यून रहेको,

स्थानीय सामग्रीको मात्र प्रयोग भइरहेको छ र विद्यार्थीहरूको सहभागिता कम रहको उल्लेख गरेको छ । शैक्षिक सामग्रीको मुख्य समस्याहरूमा बजेटको अभाव, समयको कमी, भण्डारण कक्षको अभाव, दक्ष शिक्षकको कमी र अनुगमनमा कमी रहेको, शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन शैक्षणिक सामग्रीको प्रयोग अनिवार्य छ र यसका लागि समग्र शिक्षा प्रणालीमा सुधार आवश्यक रहेको  निष्कर्ष प्रस्तुत गरेको  छ ।
बम, संगिताकुमारी (२०८१) ले कक्षा पाँचको नपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोग शीर्षकको अनुसन्धानमा नेपाली शिक्षणमा आधुनिक शैक्षिक सामग्री र प्रविधिको प्रयोग आवश्यक छ । शिक्षकहरूले तालिम लिएका छन् तर प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

शैक्षिक वातावरण पाएमा बालकमा अन्तर्दृष्टि सिकाई हुन सक्ने देखिन्छ । एउटा कक्षामा विषयवस्तु संग सम्वन्धित प्रसस्त शैक्षिक सामग्रीहरू विद्यार्थीहरूको  हातमा पुऱ्याउन सकियो भने शिक्षकले सहजकर्ताको भूमिका मात्र निर्वाह गरे पनि विद्यार्थीहरूले सामग्री खेलाउदा खेलाउदै विषयवस्तु को सहि धारणाा तथा ज्ञान प्राप्त गर्न सक्ने देखिन्छ । विभिन्न विषयका शैक्षिक सामग्रीको प्रयोगको अवस्थाका बारेमा लेख गरिएको भए तापनि कविता शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाउन यो लेख गरिएको छ ।

भाषा शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपको विकास गराउनु हो भन्ने तथ्य मनन गर्नुपर्दछ ।  विद्यार्थीहरूको भाषिक क्षमताका आधारमा भाषिक सीपका तहहरू वा क्षेत्रहरूबीच भिन्नता छुट्याई व्यवहारिक पक्षमा जोड दिनु आवश्यक छ । प्रारम्भिक तहमा सुनाइ र बोलाइ सीप विकासमा र माथिल्ला कक्षामा पढाइ र लेखाइ सीपमा विशेष जोड दिनुपर्दछ । शैक्षिक सामग्रीको उचित प्रयोग गरी कक्षा शिक्षणलाई प्रभावकारी बनाउँदै भाषिक सीप विकासमा केन्द्रित गराउनु अहिलेको नेपाली भाषा शिक्षणको मुख्य चुनौती हो । शैक्षिक सामग्रीको महत्त्वलाई बुझी, तिनको खरिद, संकलन र निर्माण गरी प्रभावकारी शिक्षण गर्नुपर्ने आवश्यकता यस लेखले औंल्याएको छ ।

## परिणाम र छलफल

कक्षा दशको नेपाली भाषापाठ्यपुस्तका कविता शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री मोरङ जिल्ला उर्लाबारी नगरपालिका माध्यमिक तहका विद्यालयहरूलाई छनोट गरियो । उक्त

विद्यालयहरूमा गई शैक्षिक सामग्रीको प्रयोगसम्बन्धी जानकारी लागि शिक्षकबाट प्राप्त तथ्याङकलाई प्रश्नावली तयार पारी तथ्याङसङ्कलन गरियो । यसरी प्राप्त तथ्याङकलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ :

तालिका न. १

*लयवद्धवाचन शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री*

| | पाठ्य | श्रव्यदृष्य | दृष्य | श्रव्य | जम्मा |
|---|---|---|---|---|---|
| | ३ | ५ | ० | १ | ९ |
| प्रतिशत | ३३.३३ | ५५.६ | ० | ११.१ | १०० |

तालिका न. १ मा लयवद्धवाचन शिक्षणका लागि कुल ४ वटा शैक्षिक सामग्री प्रयोग गरिएको छ । यसमा श्रव्यदृष्य सामग्रीको प्रयोग सबैभन्दा बढी भएको छ । जसले ५५.६ प्रतिशत स्थान ओगटेको छ । पाठ्य सामग्रीले ३३.३३ प्रतिशत र श्रव्य सामग्रीले ११.१ प्रतिशत स्थान ओगटेको छ । दृष्य सामग्रीको प्रयोग भएको छैन । यसले लयवद्धवाचनमा दृष्य र श्रव्य दुवै इन्द्रियलाई एकसाथ सक्रिय बनाउने सामग्रीलाई प्राथमिकता दिइएको छ ।

कविता शिक्षणमा श्रव्यदृश्य सामग्रीको प्रयोग अत्यधिक प्रभावकारी र व्यवहारिक रहन्छ भन्ने स्पष्ट हुन्छ । कविता मूलतः बिम्ब, भाव, सौन्दर्यबोध र लयमा आधारित भएकाले केवल पाठ्य वा श्रव्य सामग्रीले पूर्ण सिकाइ सम्भव गराउन सक्दैन । दृश्य सामग्री नभएकोले बिम्बात्मक पक्ष बुझाइमा कमी देखिन्छ, जसलाई श्रव्यदृश्य सामग्रीले पुरा गर्न सफल भएको छ । समग्रमा, कविता शिक्षणलाई सहभागीमुखी, अनुभवात्मक र प्रभावकारी बनाउन श्रव्यदृश्य सामग्री प्राथमिक विकल्पका रूपमा उभिएको छ । दृश्य सामग्री नहुँदा देखिएका कमीलाई भविष्यमा सामग्री-प्रयोगमा ध्यानदिन आवश्यक देखिन्छ ।

तालिका न. २

*शब्दार्थ शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्रीको विवरण*

| | पाठ्य | श्रव्यदृष्य | दृष्य | श्रव्य | जम्मा |
|---|---|---|---|---|---|
| | ० | ५ | ४ | ० | ९ |
| प्रतशित | ० | ५५.६ | ४४.४ | ० | १०० |

तालिका न. २ मा शब्दार्थ शिक्षणमा पनि कुल ४ वटा शैक्षिक सामग्री प्रयोग भएको छ । यहाँ श्रव्यदृष्य सामग्रीको प्रयोग सर्वाधिक ५५.६ प्रतिशत रहेको छ भने दृष्य सामग्रीले ४४.४ प्रतिशत स्थान ओगटेको छ । पाठ्य र श्रव्य सामग्रीको प्रयोग भएको छैन । यसले शब्दार्थ सिकाउनका लागि दृष्य सामग्रीको महत्त्वपूर्ण स्थान ओगटेको छ । शब्दलाई चित्र, दृश्य, ध्वनि र प्रसङ्गसँग जोडेर सिकाउँदा विद्यार्थीले द्रुत रूपमा बुझ्ने, दीर्घकालसम्म सम्झिने तथा

प्रसङ्गअनुसार प्रयोग गर्न सक्ने क्षमता विकास भएको पाइयो। पाठ्य र श्रव्य सामग्रीको प्रयोग नभएको तथ्यले शब्दार्थ शिक्षण दृश्य-आधारित विधिमा केन्द्रित रहेको देखाउँछ, जुन भाषिक शिक्षणमा अत्यन्त उपयुक्त मानिन्छ । समग्रमा, दृश्य र श्रव्यदृश्य सामग्री प्रयोग गरिएको शब्दार्थ शिक्षण विद्यार्थी-केन्द्रित, अनुभूति-आधारित र प्रभावकारी पाइएको छ ।

तालिका न. ३

*वाक्यप्रयोग शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | पाठ्य | श्रव्यदृष्य | दृष्य | श्रव्य | जम्मा |
|---|---|---|---|---|---|
| | १ | ३ | ५ | ० | ९ |
| प्रतिशत | ११.१ | ३३.३ | ५५.६ | ० | १०० |

तालिका न . ३ मा वाक्यप्रयोग शिक्षणमा दृष्य सामग्रीको प्रयोग सबैभन्दा बढी ५५.६ प्रतिशत रहेको छ । श्रव्यदृष्य सामग्रीले ३३.३ प्रतिशत र पाठ्य सामग्रीले ११.१ प्रतिशत स्थान ओगटेको छ । वाक्यप्रयोग शिक्षणमा श्रव्य सामग्रीको प्रयोग भएको छैन । यसले वाक्यप्रयोग सिकाउनमा दृष्य र श्रव्य दृश्य सामग्रीको महत्त्व बढी रहेको छ । वाक्यप्रयोग शिक्षण गर्न दृश्य तथा श्रव्यदृश्य सामग्री अत्यन्त प्रभावकारी रहेकोछ । यस्ता सामग्रीले विद्यार्थीको सक्रियता, आकर्षण, अर्थबोध र वाक्य निर्माण क्षमतालाई उल्लेख्य रूपमा वृद्धि गर्ने देखिन्छ । दृश्य माध्यम बिना वाक्य निर्माण कठिन हुने भएकाले भविष्यमा पनि वाक्य शिक्षणमा दृश्य र श्रव्यदृश्य सामग्री नै मुख्य आधारका रूपमा उपयोग गरिनु उपयुक्त ठहरिन्छ ।

तालिका न. ४

*भाववोध शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | पाठ्यपुस्तक | युटुबका भिडियो | चित्र | बुँदा टिपोट | जम्मा |
|---|---|---|---|---|---|
| | ३ | २ | ० | ४ | ९ |
| प्रतिशत | ३३.३ | २२.२ | ० | ४४.४ | ९९.९ |

तालिका न. ४ मा भाववोध शिक्षणमा बुँदा टिपोटको प्रयोग सर्वाधिक ४४.४ प्रतिशत भएको छ । पाठ्यपुस्तकले ३३.३ प्रतिशत र युटुबका भिडियोले २२.२ प्रतिशत स्थान ओगटेको छ । भावबोध शिक्षणमा चित्रको प्रयोग भएको छैन । यसले भावबोधका लागि बुँदा टिपोट पाठ्यसामग्रीलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । भाववोध शिक्षणमा बहु-इन्द्रियगत सामग्रीको प्रयोग अत्यावश्यक रहेको पाइन्छ । विशेष गरी बुँदा टिपोट र श्रव्यदृश्य सामग्रीले विद्यार्थीको सक्रिय सहभागिता, भाव ग्रहण क्षमता र दीर्घकालीन स्मरणशक्ति प्रभावकारी रूपमा वृद्धि गरेको देखिन्छ । यस आधारमा भाववोध शिक्षणमा भविष्यमा पनि दृश्य-श्रव्य र नोटिङ-आधारित सामग्रीको संयोजन प्रयोग गर्नु उपयुक्त रहन्छ ।

तालिका न. ५

*विषयवस्तु शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | अडियो रेकडर | पाठ्यपुस्तक | भिडियो | बुँदा सूची | जम्मा |
|---|---|---|---|---|---|
| | १ | ५ | १ | २ | ९ |
| प्रतिशत | ११.१ | ५५.६ | ११.१ | २२.२ | ९९.९ |

तालिका न. ५मा विषयवस्तु शिक्षणमा पाठ्यपुस्तकको प्रयोग सबैभन्दा बढी ५५.६ प्रतिशत भएको छ । बुँदा सूचीले २२.२ प्रतिशत, अडियो रेकर्डर र भिडियो प्रत्येकले ११.१ प्रतिशत स्थान ओगटेको छ । यसले विषयवस्तु सिकाउनमा पाठ्यसामग्रीको प्रभुत्व रहेको देखिन्छ ।

विषयवस्तु शिक्षणमा पाठ्यपुस्तक प्रयोग सर्वाधिक भएको छ । यसले विद्यार्थीलाई पाठको आधारभूत ज्ञान, अवधारणा र मुख्य अंश बुझ्न सहयोग पुऱ्याएको छ। बुँदा सूचीले मुख्य विचारलाई क्रमबद्ध र स्पष्ट तरिकाले प्रस्तुत गरेर सिकाइलाई सजिलो बनाएको छ । अडियो रेकर्डर र भिडियोले दृश्य-श्रव्य संयोजनमार्फत बहुइन्द्रियगत अनुभव प्रदान गरे, जसले विद्यार्थीको रुचि, ध्यान र भाव ग्रहण क्षमता बढाएको देखिन्छ ।

तालिका न. ६

*व्याख्या तथा सप्रसङ्ग व्यख्या शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | पाठ्यसुस्तक | बुँदासूची | भिडियो | चित्र | जम्मा |
|---|---|---|---|---|---|
| | २ | ६ | १ | ० | ९ |
| प्रतिशत | २२.२ | ६६.७ | ११.१ | ० | १०० |

तालिका न.६ मा व्याख्या तथा स प्रसङ्ग व्याख्या शिक्षणमा बुँदासूचीको प्रयोग सर्वाधिक ६६.७ प्रतिशत रहेको छ । पाठ्यपुस्तकले २२.२ प्रतिशत र भिडियोले ११.१ प्रतिशत स्थान ओगटेको छ । व्याख्या तथा स प्रसङ्ग शिक्षणमा चित्रको प्रयोग भएको छैन । यसले व्याख्या गर्नका लागि बुँदासूचीको प्रयोग बढी गरिएको पाइन्छ । व्याख्या र सप्रसङ्ग व्याख्या शिक्षणमा बुँदा सूचीको प्रयोग सबैभन्दा बढी भएको छ। यसले पाठलाई क्रमबद्ध, स्पष्ट र बुझ्न सहज बनाएको छ। पाठ्यपुस्तकले आधारभूत ज्ञान र उदाहरण प्रदान गऱ्यो भने भिडियोले दृश्य-श्रव्य माध्यमबाट प्रसङ्ग अनुभव गराउँदै भाव, अर्थ र लय बुझ्न सहयोग पुऱ्यायो। यसले व्याख्या शिक्षणमा सकारात्मक प्रभावकारिता देखाएको छ ।

तालिका न. ७

*अभ्यासमा रहेका प्रश्नोत्तर शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | पाठ्पुस्तक | शिक्षक निर्देशिका | श्रव्यदृश्य | पाठ्य | जम्मा |
|---|---|---|---|---|---|
| | २ | ३ | २ | २ | ९ |
| प्रतिशत | २२.२ | ३३.३ | २२.२ | २२.२ | १०० |

तालिका न. ७ मा प्रश्नोत्तर शिक्षणमा शिक्षक निर्देशिकाको प्रयोग सबैभन्दा बढी ३३.३ प्रतिशत भएको छ । पाठ्यपुस्तक, श्रव्यदृश्य र पाठ्य सामग्री प्रत्येकले २२.२ प्रतिशत स्थान ओगटेको छ । यसले प्रश्नोत्तरका लागि शिक्षक निर्देशिको प्रयोग बढी हुने गरेको छ । प्रश्नोत्तर शिक्षणमा शिक्षक निर्देशिकाको प्रयोग सर्वाधिक देखिन्छ । यसले अभ्यास प्रक्रियालाई संरचित र व्यवस्थित बनायो । पाठ्यपुस्तक, श्रव्यदृश्य र पाठ्य सामग्रीले अभ्यासलाई सहायक बनाउँदै विद्यार्थीको सक्रिय सहभागिता र प्रश्नोत्तर क्षमतालाई वृद्धि गरेको छ । यसबाट शिक्षक निर्देशिकाको अभ्यास शिक्षणमा उच्च प्रभावकारि रहेको छ ।

तालिका न. ८

*मूल्यगत रुपमा कविता शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | कममूल्य पर्ने | मूल्य नपर्ने | बढी मूल्यपर्ने | माथिका सबै | जम्मा |
|---|---|---|---|---|---|
| | ४ | ४ | ० | १ | ९ |
| प्रतशित | ४४.४ | ४४.४ | ० | ११.१ | १०० |

तालिका न. ८मा मूल्यगत आधारमा हेर्दा कम मूल्य पर्ने र मूल्य नपर्ने सामग्रीले ४४.४ प्रतिशत स्थान ओगटेको छ । माथिका सबै प्रकारका सामग्रीले ११.१ प्रतिशत स्थान ओगटेको छ भने बढी मूल्य पर्ने सामग्रीको प्रयोग भएको छैन । यसले शिक्षकहरूले किफायती र सहज उपलब्ध सामग्रीलाई प्राथमिकता दिएको देखाउँछ । कम मूल्य र मूल्य नपर्ने सामग्रीको प्रयोग बढी रहेको छ । यसको प्रभावकारिता शिक्षकलाई सहज, किफायती र दीर्घकालीन प्रयोग योग्य सामग्री उपलब्ध गराउन मद्दत गरेको छ । मिश्रित सामग्रीले बहुविध सामग्री प्रयोगको लचकता प्रदान गरेको छ । बढी मूल्य पर्ने सामग्री प्रयोग नभएकोले शिक्षकहरूले व्यावहारिक र किफायती सामग्रीलाई प्राथमिकता दिएका छन् ।

तालिका न. ९

*निर्माणगत रुपमा कविता शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | स्वनिर्मित | स्थानीय रुपमा प्रप्त गर्न सकिन | अरुद्वारा निर्माण गरिएका | खरिद गरिएका | जम्मा |
|---|---|---|---|---|---|
| | ३ | ४ | १ | १ | ९ |
| प्रतशित | ३३.३ | ४४.४ | ११.१ | ११.१ | १०० |

तालिका न. ९ मा निर्माणगत आधारमा हेर्दा स्थानीय रूपमा प्राप्त गर्न सकिने सामग्रीको प्रयोग सर्वाधिक ४४.४ प्रतिशत भएको छ । स्वनिर्मित सामग्रीले ३३.३ प्रतिशत स्थान ओगटेको छ भने अरूद्वारा निर्माण गरिएका र खरिद गरिएका सामग्री प्रत्येकले ११.१ प्रतिशत स्थान ओगटेको छ । यसले शिक्षकहरूको स्थानीय स्रोतसाधन र आत्मनिर्भरतामा आधारित सामग्रीको प्रयोग बढी गरेको छ । स्थानीय रूपमा प्राप्त सामग्री सर्वाधिक प्रयोग भएको छ। यसले शिक्षकलाई उपलब्ध स्रोत र स्थानीय सामग्री प्रयोग गरेर आत्मनिर्भरता विकास गर्न सहयोग गरेको छ । स्वनिर्मित सामग्रीले सिर्जनात्मकता र संसाधन उपयोग क्षमतामा योगदान पुऱ्याएको छ । अरूद्वारा निर्माण र खरिद गरिएका सामग्रीले पूरक भूमिका खेले । यसबाट स्थानीय र स्वनिर्मित सामग्रीको प्रयोगले प्रभावकारी शिक्षण सुनिश्चित गरेको देखिन्छ ।

तालिका न. १०

*प्रभावका आधारमा कविता शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री विवरण*

| | पाठ्य | दृष्य | श्रव्यदृष्य | श्रव्य | जम्मा |
|---|---|---|---|---|---|
| | ० | ० | ७ | २ | ९ |
| प्रतशित | ० | ० | ७७.८ | २२.२ | १०० |

तालिका न. १० मा प्रभावका आधारमा कविता शिक्षणमा प्रयोग गरिएका सामग्रीको हेर्दा श्रव्यदृष्य सामग्रीको प्रयोग सबैभन्दा बढी ७७.८ प्रतिशत भएको छ । श्रव्य सामग्रीले २२.२ प्रतिशत स्थान ओगटेको छ भने पाठ्य र दृष्य सामग्रीको प्रयोग भएको छैन । यसले कविता शिक्षणमा दृष्य र श्रव्य दुवै इन्द्रियलाई एकसाथ सक्रिय बनाउने सामग्रीको प्रभावकारिता र महत्वलाई स्पष्ट रूपमा देखाउँछ । श्रव्यदृश्य सामग्री सर्वाधिक प्रभावकारी देखिन्छ । यसले दृष्य र श्रव्य दुवै इन्द्रिय सक्रिय गरेर बहुइन्द्रियगत अनुभव प्रदान गर्दछ। विद्यार्थीले भाव, लय, अर्थ र बिम्ब सहज रूपमा ग्रहण गर्न सक्ने भएकाले यसको प्रभाव अत्यधिक छ। श्रव्य सामग्रीले सहायक भूमिका खेले पनि तुलनात्मक रूपमा कम प्रभाव पार्छ । पाठ्य र दृश्य सामग्री प्रयोग नभएकाले बहुइन्द्रियगत अनुभवमा सीमितता देखिन्छ ।

कविता शिक्षणमा प्रयोग गरिएका सामग्रीको विश्लेषणले शिक्षकहरूले बहुइन्द्रिय, किफायती, स्थानीय र व्यवहारिक सामग्रीलाई प्राथमिकता दिएका देखाउँछ । विषयवस्तु सिकाउन पाठ्यपुस्तक र बुँदा सूची मुख्य साधन बनेका छन् भने व्याख्या र सप्रसङ्ग व्याख्यामा बुँदा सूचीले पाठलाई स्पष्ट र संरचित बनाएको छ । अभ्यासका लागि शिक्षक निर्देशिकाको प्रयोग बढी प्रभावकारी रहँदा पाठ्यसामग्री र श्रव्यदृश्य पूरक सामग्री बनेका छन् । भाववोध शिक्षणमा बुँदा टिपोट र भिडियोले विद्यार्थीको सक्रिय सहभागिता, भाव ग्रहण र दीर्घकालीन स्मरण क्षमता वृद्धि गरेका छन् । मूल्यगत दृष्टिकोणले किफायती सामग्रीलाई प्राथमिकता

दिइएको छ भने निर्माणगत आधारमा स्थानीय र स्वनिर्मित सामग्रीको प्रयोग बढी देखिन्छ । प्रभावकारिताको दृष्टिले श्रव्यदृश्य सामग्रीले दृष्य र श्रव्य दुवै इन्द्रिय सक्रिय गरी बहुइन्द्रियगत अनुभव प्रदान गरेको छ । समग्रमा, कविता शिक्षणमा सामग्रीको चयनले सैद्धान्तिक ज्ञान, व्यावहारिक अभ्यास र बहुइन्द्रियगत सिकाइ सन्तुलित रूपमा सुनिश्चित गरेको देखिन्छ ।

समग्रमा हेर्दा कविता शिक्षणका विभिन्न पक्षहरूमा श्रव्यदृष्य सामग्रीको प्रयोग सर्वाधिक प्रभावकारी मानिएको छ। शिक्षकहरूले किफायती, स्थानीय र सहज उपलब्ध सामग्रीलाई प्राथमिकता दिँदै विविधताको सिद्धान्तलाई अपनाएका छन् । यसले कविता शिक्षणमा बहुइन्द्रिय शिक्षण विधिको महत्त्व र प्रभावकारितालाई प्राथमिकता  दिएको छ ।

## निष्कर्ष

प्रस्तुत लेखले कविता शिक्षणमा प्रयुक्त शैक्षिक सामग्रीको बहुआयामिक विश्लेषण प्रस्तुत गरेको छ । तथ्याङ्कको विश्लेषण गर्दा कविता शिक्षणका विभिन्न पक्षहरूमा श्रव्यदृश्य सामग्रीको प्रयोग सर्वोच्च रहेको छ । लयबद्धवाचन शिक्षणमा श्रव्यदृश्य सामग्रीको प्रयोग ५५.६ प्रतिशत, शब्दार्थ शिक्षणमा ५५.६ प्रतिशत र प्रभावकारिताको आधारमा ७७.८ प्रतिशत रहेको छ। यसले बहुइन्द्रिय शिक्षण विधिको प्रभावकारिता स्पष्ट रूपमा प्रमाणित गर्छ । व्याख्या शिक्षणमा बुँदासूचीको प्रयोग सर्वोच्च ६६.७ प्रतिशत रहेको छ। विषयवस्तु शिक्षणमा पाठ्यपुस्तकको प्रयोग ५५.६ प्रतिशत र वाक्यप्रयोग शिक्षणमा दृश्य सामग्रीको प्रयोग ५५.६ प्रतिशत रहेको छ । भाववोध शिक्षणमा बुँदा टिपोटको प्रयोग ४४.४ प्रतिशत देखिन्छ । न्यून प्रयोग भएका सामग्रीहरू: लयबद्धवाचन र शब्दार्थ शिक्षणमा दृश्य सामग्रीको प्रयोग शून्य प्रतिशत रहेको छ । भावबोध शिक्षणमा चित्रको प्रयोग र व्याख्या शिक्षणमा चित्रको प्रयोग शून्य देखिन्छ । प्रभावकारिताको आधारमा पाठ्य र दृश्य सामग्रीको प्रयोग शून्य प्रतिशत रहेको छ।मूल्यगत आधारमा कम मूल्य पर्ने र मूल्य नपर्ने सामग्री प्रत्येकले ४४.४ प्रतिशत स्थान ओगटेको छ । निर्माणगत आधारमा स्थानीय रूपमा प्राप्त सामग्रीको प्रयोग ४४.४ प्रतिशत र स्वनिर्मित सामग्रीको प्रयोग ३३.३ प्रतिशत रहेको छ।समग्रमा यो लेखले कविता शिक्षणमा श्रव्यदृश्य सामग्रीको प्रयोग सबैभन्दा बढी गरिएकोछ । व्यावहारिक र किफायती सामग्रीको प्राथमिकता र स्थानीय स्रोतसाधनमा आधारित शिक्षण पद्धतिको प्रचलन देखाउँछ ।

शिक्षण कार्यमा संलग्न शिक्षकहरूलाई यो लेख निकै उपयोगी रहेको छ । साथै शैक्षिक सामग्रीको निमार्ण र प्रयोग गर्ने सम्बन्धित क्षेत्रका व्यक्तिहरूलाई पनि यो उपयोगी रहेको छ ।

पाठ्यक्रम निर्माता तथा नीति नियम निर्माणमा संलग्नहरूलाई समेत यो उपयोगी छ । साथै कविता विधा शिक्षणमा अध्ययापन गर्दा श्रव्यदृष्य सामग्रीको प्रयोग गर्नु पर्ने निष्कर्ष समेत यसले राखेको हुँदा यो सम्बन्धित क्षेत्रमा संलाग्न सबैमा यो उपयोगी रहेको छ ।

**सन्दर्भसामग्री**


अधिकारी, विष्णु प्रसाद (२०६६), *माध्यमिक तह शिक्षण दर्पण,* पैरखी प्रकाशन ।

जोशी, कल्पना (२०३२) *नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री,* DMC Research Journal वर्ष ५ अङ्क १० पृपृ ९५–१।

निउरे, ध्रुवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* हिमाल प्रेस सेन्टर ।

नेपाल, जनार्दन (२०६४), *नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना,* मकालु प्रकाशन गृह ।

न्यौपाने, कमलप्रसाद (२०७२), *नेपालीभाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्रसङ्काय ।

बम, संगिताकुमारी (२०८१), *कक्षा पाँचको नपाली भाषाशिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्रसङ्काय ।

बराल, हिरण्यप्रसाद (२०६८) सर्लाही जिल्लाका कक्षा ६ मा भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको लेख,[अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्रसङ्काय ।

वास्तोला, हेरम्भराज (२०२०), *बहुभाषिक कक्षा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्रसङ्काय ।

शर्मा, चिरञजीवी र शर्मा,निर्मला (२०६६), *शैक्षणिक विधि,* एम.के पव्लिशर्स एण्ड डिष्टिव्युटर ।

शिक्षा मन्त्रालय (२०४८), *रेडियो शिक्षण तालिम पुस्तिका,* नेपाल सरकार, सिहदरवार ।